Autoland जग्गा खोजी कार्यदल समिति नामावली

संयोजक	: श्री धन बहादूर नेपाली, प्रवक्ता
सदस्य	: श्री शोभामोहन पौडेल, वडा अध्यक्ष -१९
सदस्य	: श्री रामराज लामिछाने, वडा अध्यक्ष -९
सदस्य	: श्री सनत भट्टराई, अटो व्यवसायी
सदस्य	: श्री सन्तोष कुमार मिश्र, अटो मेकानिकल व्यवसायी
सदस्य	: श्री मोहनबाबु खड्का, अटो मेकानिकल व्यवसायी
सदस्य	: इन्जीनियर श्री सुलभ तिमिल्सीना, पोखरा महानगरपालिका



पोखरा महानगरपालिका

पोखरा

"Auto Land"

जग्गा खोजी कार्य दल

प्रतिवेदन

२०७८।११।२८

"म बाट हामी बन्न चाहानेहरुका लागि दु:ख सुखको चौतारी"

गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन

नयाँबजार, पोखरा, ☎:०६१-५७७२३२

२०८०-०४-०९

पत्र संख्या: ०८०।८९
चलानी नं.:९९

स्था: २०४९

मिति:.....

श्री महानगर प्रमुख ज्यु
पोखरा महानगरपालिका कार्यलय
कास्की, पोखरा ।

विषय :- ध्यानकर्षण गराइएको वारे ।

उपरोक्त सम्वन्धमा यस गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन पोखराले विगत लामो समय देखि नै पोखरा महानगरपालिका क्षेत्र भित्र छरिएर रहेका अटोमेकानिक्स व्यवसायीहरुलाई एकै ठाउँमा राख्नका लागि अटोल्याण्डको आवश्यकता महशुष गरि अटोल्याण्ड व्यवस्थापनका लागि सम्वन्धित निकायहरुमा पहल गर्दै आइरहेको यहाँमा अवगत नै छ । पोखरा महानगरपालिका कार्यलयको संयोजकत्वमा अटोल्याण्ड संयोजक भई विभिन्न ठाउँहरुको अवलोकन गरि प्रतिवेदन समेत पेश गरिसकेको अवस्थामा आगामी दिनमा कसरी अटोल्याण्ड व्यवस्थापन गर्ने भनि पटक पटक महानगरपालिका सग छलफल भईरहको र अटोल्याण्ड व्यवस्थापन पश्चात अटो व्यवसायीलाई सुचना गरि वर्कसप हटाउने भनि मौखिक वार्ता भईरहदाँ विगत १५ दिन देखि पोखरा ०९ वसपार्कमा अटो वर्कसप हटाउनका लागि पोखरा महानगरपालिकाबाट कहिले मौखिक त २०८० श्रावण ०८ गते निकालिएको ७ दिने सुचनाका सम्वन्धमा यस सस्थाको ध्यानाकर्षण भएको जानकारी गराउदछौं । साथै सस्थागत रुपमा लागिएको अटोल्याण्ड व्यवस्थापनको प्रयास भईरहदाँ उनिहरुलाई यस्ता किसिमको सुचनाले मानसिक एवं व्यवसायीक रुपमा समेत असर पर्ने हुदाँ आगामी दिनमा सस्थागत रुपमा जानकारी गराई दुई सस्थाविच सहकार्य गर्दै अगाडी वढ्नका लागि हार्दिक अनुरोध गर्दछौं ।

विष्णु प्रसाद अधिकारी
महासचिव

महासचिव

सन्तोष कुमार मिश्र
अध्यक्ष

अध्यक्ष

"म बाट हामी बन्न चाहनेहरुका लागि दुःख सुखको चौतारी"

गण्डकी अटो मेकानिकल वर्क्स एशोसियशन

पोखरा

☎ ०६१-५७७२३०

पत्र संख्या ०८०/८१

चलानी नं ९२

मिति:-०४-२२

श्रीमान् अध्यक्ष ज्यु
नेपाल अटो मेकानिकल व्यवसायी महासंघ
काठमाडौं, नेपाल ।

विषय :- ऐक्यवद्धता जनाई सहयोग गरिदिने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन पोखराले विगत लामो समय देखि पोखरा क्षेत्र तथा आसपासमा रहेका सम्पूर्ण वर्कसपहरुलाई एकै ठाउँमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता महशुस गरि सम्बन्धित निकायहरुमा पत्राचार सहित जानकारी गराई पोखरा महानगरपालिका कै संयोजकत्वमा अटोल्याण्ड सम्बन्धि सम्भावित ठाउँहरुको खोजी गर्दै त्यहीका स्थानिय प्रतिनिधि ज्युहरुकै सहयोगमा प्रतिवेदन तयार गरि पेश गरि सकिएको र नियमित भेटघाट तथा छलफलमा समेत महानगरपालिकाको सकरात्मक अभिव्यक्ति पाईरहेकोमा हामी पूर्ण रुपमा अटोल्याण्ड प्राप्तीमा विश्वस्त भईरहँदा एक्कासी स्वंय पोखरा महानगरपालिका कार्यालयबाट नै यसको बेवास्ता गर्दै पोखराका विभिन्न ठाउँहरुमा वर्कसपको कुनै विकल्प बिना १५ दिने सुचना दिई तुरुन्त हट्नु भनि पत्रचार भएकोमा यस सस्थाको गम्भिर ध्यानाकर्षण भएको छ । महानगरपालिकाको यस्तो किसिमको विवादित र हपाह प्रविधि विरुद्ध सम्पूर्ण अटोमेकानिक्स एकजुट भई अगाडी बढ्नु पर्ने भएकोमा यस सस्थाले आवश्यक परे विभिन्न किसिमका आन्दोलन समेत गर्नु पर्ने देखिएकोमा हामी पोखरा क्षेत्र भित्रका मेकानिक्स मात्र नभई देशै भरिबाट मेकानिक्सको हक हितका लागि राज्यले गर्नु पर्ने कर्तव्य तथा दायित्व के हो भनि स्मरण गराउनका लागि पनि हाम्रो यस अभियानमा ऐक्यवद्धता जनाई सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं । साथै दुई सस्था बिच सुमधुर सम्बन्धको कामना गर्दछौं ।

विष्णु प्रसाद अधिकारी
महासचिव
महासचिव

सन्तोष कुमार मिश्र
अध्यक्ष

Autoland का कामका प्रकृतिहरु :

- मेकानिक
- लेथ (इञ्जिनियरिङ)
- वेरीङ (इञ्जिन ओभरहल)
- वडि निर्माण
- इलेकट्रिसीयन
- कमानी (स्प्रीङ्ग पत्ता)
- डेन्टपेन्ट
- मोटर पार्टस

Autoland भित्र व्यवस्था गर्नुपर्ने भौतिक संरचनाहरु

- सुरक्षा निकायको स्थान
- मठमन्दिर
- स्वास्थ्य चौकी
- प्राथमिक विद्यालय
- आवास
- एसेम्लीङ्ग भेहिकल
- फोहोर व्यवस्थापन (मोबिल पानी)
- Heavy metal treatment plant

पान न ६०९११०१८६

"म बाट हामी बन्न चाहनेहरुका लागि दुःख सुखको चौतारी" र न ९९ १२२ ख

गण्डकी अटो मेकानिकल वर्क्स एशोसियशन

पोखरा

☎:०६१-५७७२३२

पत्र संख्या:०८०।८१
चलानी नं:२६

वर्ष: २०४९

मिति:०-०४-२५

श्रीमान् अध्यक्ष ज्यु,
पोखरा उद्योग वाणिज्य संघ
गैह्रापाटन ०४, पोखरा ।

दर्ता:- ३६
२०८०/०४/२५

विषय :- सहजीकरण गरिदिने वारे ।

महोदय:

उपरोक्त सम्वन्धमा यस गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन पोखराले विगत लामो समय देखि पोखरा क्षेत्र तथा आसपासमा रहेका सम्पुर्ण वर्कसपहरुलाई एकै ठाउँमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता महशुस गरि सम्वन्धित निकायहरुमा पत्राचार सहित जानकारी गराई पोखरा महानगरपालिका कै संयोजकत्वमा अटोल्याण्ड सम्वन्धि सम्भावित ठाउँहरुको खोजी गर्दै त्यहीका स्थानिय प्रतिनिधि ज्यहरुकै सहयोगमा प्रतिवेदन तयार गरि पेश गरि सकिएको र नियमित भेटघाट तथा छलफलमा समेत महानगर प्रमुख ज्युवाट नै अटोल्याण्डको काम अगाडी वढिसकेको र डि.पि.आर. समेत वनिसकेको भनि सकरात्मक अभिव्यक्ति पाईरहेकोमा हामी पुर्ण रुपमा अटोल्याण्ड प्राप्तीमा विश्वस्त भईरहंदा एक्कासी स्वय पोखरा महानगरपालिका कार्यालयवाट नै यसको वेवास्ता गर्दै पोखराका विभिन्न ठाउँहरुमा वर्कसपको कुनै विकल्प विना १५ दिने सुचना दिई तुरुन्त हट्नु भनि पत्रचार भएकोमा यस सस्थाको गम्भिर ध्यानाकर्षण भएको छ । महानगरपालिकाको यस्तो किसिमको विवादित र हेपाह प्रवृती विरुद्ध सम्पुर्ण अटोव्यवसायी एकजुट भई अगाडी वढ्नु पर्ने भएकोमा यस पोखरा उद्योग वाणिज्य संघको आयोजनामा पोखरामा आवद्ध सम्पुर्ण अटो सम्वन्धि संघ सस्थासग समन्वय गरि अटो वर्कसपहरुको विकल्प खोजी तथा अटोल्याण्ड व्यवस्थापन कार्यमा के कसरी अगाडी वढ्न सकिन्छ भनि वृहत छलफल गर्नका लागि अन्य सम्वन्धित निकायहरु समेतको उपस्थिती रहने गरि भेला आयोजनामा सहजीकरण गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौ । साथै दुई सस्था विच सुमधुर सम्वन्धको कामना गर्दछौ ।

विष्णु प्रसाद अधिकारी
महासचिव
महासचिव

सन्तोष कुमार मिश्र
अध्यक्ष
अध्यक्ष

अवलोकन गरिएका वडा र सम्भावीत जग्गाको अवस्था

वडा नं.	जग्गा रहेको क्षेत्र	रोपनी	सरकारी जग्गा पर्ति जग्गा	व्यक्तिको जग्गा	जग्गाको अवस्था	स्थलगत अवलोकन मिति
१४.क	वाच्छीबुडवा	१०९२	पशु विकास	-	तहरा (समतल)	फागुन १९
ख	वाच्छीबुडवा	२४००	दर्ता नभएको			
१५.क	रातीखरे	१५०	सरकारी	-	डोड परेको खोल्सो	फागुन १९
ख	पटनेरी पर्वको जग्गा	१००	सरकारी		तहरा	
१६.क	सेती सिचाई नहर माथी	४००	सरकारी	-	समतल तहरा	फागुन २३
ख	तल्लो गोस्थे	२००	सरकारी			
	सुरथेश्वर मन्दिर पूर्व					
ग	स्यालढुङा सेति फिल्टर साइट	३५०	सेति सिचाई योजना		समथर जमिन	
१७.क	छोरेपाटन (दुर्गा मन्दिर क्षेत्र)	४०	सरकारी	केहि घर	खाडल क्षेत्र	फागुन २६
ख	वेलघारी क्षेत्र	३५	सरकारी		भिरालो क्षेत्र	
ग	मुसेटुडा	३००	सरकारी			
घ	काउसेघारी				गहिरो खाडल	
३२.क	मसिना बगर (खुदि खोला)	२००	सरकारी	सिसौ जङ्गल	गहिरो खोला किनार	फागुन २७
ख	मसिना बगर सहकारीले		सरकारी			
	हाईड्रो पावर प्रस्तावना					
ग	गरेको					
	साना घारी	१३१	२३	१०८	समथर जमिन	

Autoland सकरात्मक पक्षहरु :

- सुन्दर व्यवस्थित पोखरा शहर,
- वातावरणमैत्री शहर,
- धुवाँधुलो रहित सुरक्षित विकसित शहर,
- Smart city बनाउन मुख्य भुमिका,
- Auto व्यवसाय व्यवस्थापन प्रति मर्यादा,
- Auto work shop का दुर्घटनामा नियन्त्रण कमि,,
- Auto क्षेत्रमा लगानीको वातावरण वृद्धि,
- Auto क्षेत्रमा आकर्षण,
- Auto मजदुर प्रति मर्यादा,
- Auto क्षेत्रका Auto सामाग्री विकी वितरणमा एकरुपता,
- Auto ग्राहकलाई राहत,
- दक्ष Auto मिस्त्रीको उत्पादन,
- खाली जग्गाको भाडा आम्दानी
- Auto व्यवसायिहरुको दर्ता र नियमन मा सहजता,
- Auto व्यवसायिहरुबाट राजस्व संकलन,
- प्रयोगमा नभएका जग्गालाई सदुपयोग गर्ने
- फोहोरमैला पानीको उपयोग र कर संकलन

अवलोकन पछि बढि उपयुक्त देखिएका वडा र जग्गाको अवस्था

वडा नं. ३२	मसिना बगर, (हाइवेबाट नजिक बस्तीबाट टाढा)
वडा नं. २५	फेदी बाँसबोट, (हाइवे नजिकै बस्तीबाट टाढा)
वडा नं. १७	पावर हाउस नजिकै काउसेघारी (बस्तीबाट टाढा)
वडा नं. १४	वाच्छी वुडुवा,(बस्तीबाट टाढा) २४०० रोपनी

प्रतिवेदन तयारी सम्बन्धमा गण्डकी अटो मेकानिकल वर्कस एशोसियसनको कार्यालय, नयाँबजारमा पदाधिकारी सदस्यहरु बिच लघु अन्तरक्रिया कार्यक्रम

सम्लग्न सामाग्रीहरु :

स्थलगत तस्विर :

निर्णय प्रतिलिपी :

सदस्यलाई पत्र :

नगर कार्यपालिका बैठक निर्णय प्रतिलिपी :

सहयोगीहरु

- जनप्रतिनिधी वडा नं. १४, १५, १६, १७, १९, २५, ३२
- स्थानिय क्षेत्रका वडा वासी नागरिक
- वडा कर्मचारी
- अटो व्यवसायी क्षेत्रका अग्रजहरु
-गण्डकी अटो मेकानिकल वकर्स एशोसियसन
-पश्चिमाचल अटो मेकानिकल

कार्यदललाई सहयोग सल्लाहा दिनुहुने जनप्रतिनिधी एवं अटो व्यवसायीहरु

वडा अध्यक्षहरु प्रेम कार्की, तीर्थराज अधिकारी, अक्कल बहादुर कार्की, प्रकाश पौडेल, जीवन आचार्य, कार्यपालिका सदस्य राधिका शाहि, वडा नं २५ वडा सचिव

अटो व्यवसायी : हिमाल, पूर्ण बहादुर खडका, तिलक थापा, योगेन्द्र राज भण्डारी, अर्जुन उप्रेती , सुरेश राई

धर्मबहादुर नेपाली

संयोजक

Auto land जग्गा खोजी कार्यदल

"म बाट हामी बन्न चाहानेहरुका लागि दुःख सुखको चौतारी"

गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन

नयाँबजार, पोखरा, ☎ [illegible]

स्था: २०[illegible]

२०८१-०७-१३

पत्र संख्या: ०८१/८२
चलानी नं.: २६

मिति:.....

अध्यक्ष
श्री सन्तोष कुमार मिश्र
९८४६०८२२२८, ९८४६०२२३०८
निवर्तमान अध्यक्ष
श्री सानुमान जवारी
९८४६०२६४२३
वरिष्ठ उपाध्यक्ष
श्री योगेन्द्रराज भण्डारी
९८४६०२३९९७
उपाध्यक्ष
श्री कृष्ण बहादुर खाँड
९८४६०६११६६
महासचिव
श्री विष्णु प्रसाद अधिकारी
९८४६०८२२२१, ९८४६०१४८७२
कोषाध्यक्ष
श्री अर्जुन प्रसाद उप्रेती
९८४६०३३२५७
सचिव
श्री हिमाल तिमिल्सिना
९८४६०१३३०७
सह-कोषाध्यक्ष
श्री मिल बहादुर सुनार
९८०४१२२५८८

का.का.स
श्री निरञ्जोधन बैठा
९८०२८१५३५०
श्री सन्तोष कुमार राउत कुर्मी
९८०६३५१५३७
श्री हुमराज भण्डारी
९८६६०५६१९०
श्री एक बहादुर बोनिया
९८४६०४८९३४
श्री नवराज सुनार
९८०४१०८२७४
श्री जगनाथ गतौला
९८४६०२७५६४

आमन्त्रित सदस्य
श्री निहाल अन्सारी
९८४६४८०८५४
श्री जय प्रकाश शर्मा
९८४६६२३८३३

सल्लाहकार
श्री चन्द्रजङ्ग थापा
९८४६०५७५९२
श्री सुवर्णमान नकर्मी
९८०२८३३३०१
श्री कुल बहादुर नेपाली
९८४६०२५८५०
श्री सनत कुमार भट्टराई
९८४६०२२२९५
श्री छम बहादुर खत्री
९८४६०२६५२३
कानुनी सल्लाहकार
व अधिवक्ता माधवराज बाँस्तोला
९८४६०२२३६३
स्वास्थ्य सल्लाहकार
डा. रविन्द्र प्रसाद श्रेष्ठ
९८४६०२०७४०
प्रेस सल्लाहकार
श्री कृष्ण बहादुर थापा
९८४६०३३६६२

श्रीमान् अध्यक्ष ज्यु
नेपाल अटो मेकानिक्स व्यवसायी महासंघ
काठमाडौं ।

विषय :- पोखरामा अटोल्याण्ड व्यवस्थापनमा सहजीकरण गरिदिने बारे ।

महोदय,

उपरोक्त विषयमा नेपाल अटो मेकानिक्स व्यवसायी महासंघको एक शहर एक अटोल्याण्ड भन्ने नारा तथा आवश्यकतालाई मध्येनजर गरि यस पोखरा महानगरपालिकाले पनि तत्कालिन पोखरा महानगरपालिका वडा नं ५ का वडा अध्यक्ष श्री धन बहादुर नेपाली ज्यूको संयोजकत्वमा मिति २०७८-१२-२८ मा निम्न लिखित वडामा अटोल्याण्डका लागि उपयुक्त हुने प्रतिवेदन पोखरा महानगरपालिकामा समेत पेश गरिएको छ । हाल पनि यी जग्गाहरु खाली नै रहेको र अटोल्याण्डका लागि उचित देखिन्छ ।

सम्भावित वडाहरु

१. वडा नं. १४ वाच्छीवुडुवामा	१०१२, २४०० रोपनी
२. वडा नं. १५ रातीखरे पटनेरीमा	१५०, १०० रोपनी
३. वडा नं. १६ सेती सिचांइ तथा स्लालुढुङ्गा	४००, २००, ३५० रोपनी
४. वडा नं. १७ दुर्गा मन्दिर तथा काउसेघारी	४०, ३५, ३०० रोपनी
५. वडा नं. २५ फेदी बाँसवोटमा	१२० रोपनी
६. वडा नं. ३२ मसिना बगर तथा साना घारी	२००, १३१ रोपनी

.....
विष्णु प्रसाद अधिकारी
महासचिव

महासचिव

.....
सन्तोष कुमार मिश्र
अध्यक्ष

अध्यक्ष

स्थलगत तस्विरहरु :













समिति गठन

श्रद्धेय उपमेयर मञ्जुदेवी गुरुङ (कार्यवाहक मेयर) को अध्यक्षतामा मिति २०७८। १०। ११ बसेको पोखरा महानगरपालिकाको ५३ औं बैठकले Autoland जग्गा खोजी कार्यदल गठन गर्न निर्णय गऱ्यो ।

कार्यदल गठनको उद्देश्य :

पोखरा महानगरपालिका भित्र अत्यावश्यक Autoland महशुश गरी नगरपालिका बैठकले यस सम्बन्धि प्रारम्भमा गर्नुपर्ने काम अर्न्तगत Autoland खोजी कार्य दल बनाउने निर्णय गरियो । Smart City को नयाँ अवधारणा अर्न्तगत पोखराको जनसंख्या बढ्ने, शहरीकरण, छरपस्ट Auto works shop, साँघुरो बाटो, दुर्घटनाको अवस्था, वातावरणीय स्वच्छता, ध्वनी प्रदूशण Auto work shop को अव्यवस्थित पक्ष यस क्षेत्रमा कार्यरत मजदुरहरुको प्रतिष्ठा, मानसम्मान एवं Auto क्षेत्रमा लगानीलाई सुरक्षित गर्न Auto Land व्यवस्था सहितको परिकल्पना पुरा गर्न नयाँ अवधारणा लिएर दीर्घकालिन व्यवस्थित शहरको रुपमा यो प्रस्ताव अघि सारीएको हो ।

समितिको **बैठक** भेला : बैठकको निर्णय लगत्तै कार्यदलका समिति सदस्यहरुलाई पत्राचार गरियो । **समितिको** अनौपचारिक र औपचारिक भेला बैठक सम्पन्न भएका छन् । २०७८/११/१३ गते **श्रद्धेय मान** बहादुर जि. सि, प्रमुख प्रशासकिय अधिकृत श्री बलराम रिज्याल को विशेष **आतिथ्यतामा** समितिको औपचारीक बैठक बसी महत्वपूर्ण निर्णय गरियो ।

तपसिल सम्वन्धि संघ सदस्यहरुलाई निमन्त्रणा गर्नु हुन हार्दिक अनुरोध गर्दछौं ।

१. पोखरा महानगरपालिका कार्यलय

२. पोखरा महानगरपालिका वडा नं. ०९

३. पोखरा महानगरपालिका वडा नं. ३२

४. पृथ्वी राजमार्ग वस व्यवसायी समिती

५. पोखरा वस व्यवसायी समिती

६. वेगनासताल वस व्यवसायी समिती

७. गण्डकी ट्रक यातायात व्यवसायी समिती

८. मझौला ट्रक व्यवसायी समिती

९. पश्चिमाञ्चल अटोमोवाइल्स डिलर्स एशोसिएसन

१०. कास्की मोटरसाइकल मेकानिक्स वर्कसप एशोसिएसन

११. श्री ट्युव टायर मर्मत व्यवसायी समिती

१२. ट्याक्सी यातायात व्यवसायी समिती

प्रारम्भिक भेला

Autoland को जग्गा खोजी गर्न यस कार्यलाई प्रभावकारी बनाउन पोखरा महानगर कार्यालय र पोखरा वडा नं १७ कार्यालयमा अटो मेकानिकल क्षेत्रमा लामो अनुभव भएका व्यवसायीहरु र कार्यदलको बिच भेला सम्पन्न भयो ।

बैठकमा निर्णय

१. कम्तिमा १५ दिन भित्र कार्यदलले Autoland लागि सम्भावित क्षेत्र जग्गा खोजी गर्ने,

२. जग्गा सरकारी वा प्रति खुल्ला जग्गा हुनुपर्ने,

३.वडा नं. १४, १५, १६, १७, १९, २१, २५, ३२ लाई संभावित Autoland का क्षेत्र मानी सम्बन्धित वडालाई जग्गा प्राप्तिका लागि सहयोग सुचना गरिदिनु हुन पत्राचार गर्ने,

४. स्थलगत अवलोकन पछि प्रतिवेदन तयारी एंव पेश गर्ने,

५. Autoland का लागि न्यूनतम १०० देखि १५० रोपनी जग्गा आवश्यक,

६. पोखराको ३ वटा क्षेत्रमा Autoland राख्न प्रतावित गर्ने

पान नं : ६०९११०१८६

"म बाट हामी बन्न चाहनेहरुका लागि दुःख सुखको चौतारी" र न ९९. १२२ ख

गण्डकी अटो मेकानिकल वर्क्स एशोसियशन

पोखरा

☎:०६१-५७७२३२

पत्र संख्या: ०८०।८१

चलानी नं : २६

२०८०-०४-२२

मिति:.....

श्रीमान् अध्यक्ष ज्यु
घादिङ्ग अटोमोवाइल्स एशोसिएसन
धादिङ्ग ।

विषय :- ऐक्यवद्धता जनाई सहयोग गरिदिने वारे ।

महोदय:

उपरोक्त सम्वन्धमा यस गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसन पोखराले विगत लामो समय देखि पोखरा क्षेत्र तथा आसपासमा रहेका सम्पुर्ण वर्कसपहरुलाई एकै ठाउँमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता महशुस गरि सम्वन्धित निकायहरुमा पत्राचार सहित जानकारी गराई पोखरा महानगरपालिका कै संयोजकत्वमा अटोल्याण्ड सम्वन्धि सम्भावित ठाउँहरुको खोजी गर्दै त्यहीका स्थानिय प्रतिनिधि ज्युहरुकै सहयोगमा प्रतिवेदन तयार गरि पेश गरि सकिएको र नियमित भेटघाट तथा छलफलमा समेत महानगरपालिकाको सकरात्मक अभिव्यक्ति पाईरहेकोमा हामी पुर्ण रुपमा अटोल्याण्ड प्राप्तीमा विश्वस्त भईरहँदा एक्कासी स्वंय पोखरा महानगरपालिका कार्यालयवाट नै यसको वेवास्ता गर्दै पोखराका विभिन्न ठाउँहरुमा वर्कसपको कुनै विकल्प विना १५ दिने सुचना दिई तुरुन्त हट्नु भनि पत्रचार भएकोमा यस सस्थाको गम्भिर ध्यानाकर्षण भएको छ । महानगरपालिकाको यस्तो किसिमको विवादित र हेपाह प्रविधि विरुद्ध सम्पुर्ण अटोमेकानिक्स एकजुट भई अगाडी वढ्नु पर्ने भएकोमा यस सस्थाले आवश्यक परे विभिन्न किसिमका आन्दोलन समेत गर्नु पर्ने देखिएकोमा हामी पोखरा क्षेत्र भित्रका मेकानिक्स मात्र नभई देशै भरिबाट मेकानिक्सको हक हितका लागि राज्यले गर्नु पर्ने कर्तव्य तथा दायित्व के हो भनि स्मरण गराउनका लागि पनि हाम्रो यस अभियानमा ऐक्यवद्धता जनाई सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं । साथै दुई सस्था विच सुमधुर सम्वन्धको कामना गर्दछौं ।

.....
विष्णु प्रसाद अधिकारी
महासचिव
महासचिव

.....
सन्तोष कुमार मिश्र
अध्यक्ष
अध्यक्ष

अष्टोल्याण्ड भ्रमण २०७९ माघ १९ देखि २१ सम्म

अध्यक्षको प्रतिवेदन

यस गण्डकी मेडो मेकानिकल वर्क्स एशोसिएसन भित्रका व्यवसायीहरुलाई प्रवर्द्धित र व्यवस्थित रुपमा एक शहर एक अष्टोल्याण्ड र तुलसिक पोखरमा अष्टोल्याण्ड स्थापना गर्ने उद्देश्यले देशका विभिन्न जिल्लाहरुमा स्थापित रहेका अष्टोल्याण्डको स्वलगत निरिक्षण (अवलोकन भ्रमण) का लागि यसै वेबुलबाट ७ [illegible] गठन होली । आदरणीय श्री सन्तोष कुमार मिश्र, सम्पादकार्य गर्ने नेपाल अष्टो मेकानिक्स व्यवसायी महासंघका उपाध्यक्ष श्री कुल बहादुर नेपाली वरिष्ठ उपाध्यक्ष श्री योगेन्द्र राज भण्डारी, महासचिव श्री विष्णु प्रसाद अधिकारी, सचिव श्री विनोद तिमिल्सिना, कार्यसमिती सदस्य श्री जगलाल गतौसा, कार्यसव प्रमुख श्री पार्वती बराल यति मिति २०७९ साल १९ गते दिउसो ९.०० बजे नारायणगढ तर्फ लागियो । झाडबेसी बाटो भर्खत साथै हाम्रो गाडीको समस्याले गर्दा हामी आफ्नो समय तालिकामा सम्मिलित हुनमा पुर्ण संकिएन तै पनि मैले नै विभिन्न जिल्लाहरु सर्ग फोन मार्फत सहकार्य गर्दै गइरहेको र १९ गतेको वेलुका चितवन अष्टो व्यवसायी समुले हाम्रो होलीलाई स्वागत सहित चितवन उद्योग वाणिज्य संघको परिसर भित्र रहेको गेष्ट हाउसमा खाना र बासका लागि व्यवस्थापन गरिदिनु भएको रहेछ ।

हाम्रो उद्देश्य तथा तालिकामा १९ गते नै चितवनको अष्टोल्याण्डका बारेमा विस्तृत जानकारी सहित आवश्यक कागजपत्र लिने र भोली २० गते विहान भिन्न भिन्न गरेर हेर्दैहुँदा जाने भनिएकोमा बाटो तथा केहि प्राविधिक समस्याले हामी माघ २० गते विहान ५:०० बजे नै उठी हेर्दैहुँदा लागियो । भक्तपुर अष्टो मेकानिक्स एण्ड इन्जिनियरिङ्ग एशोसिएसनको गेटमा त्यहाँका अध्यक्ष श्री आलम्बराम पौडेल, उपाध्यक्ष तथा कार्यालय प्रमुख ज्यूहरुले अत्यन्तै न्यानो अभिवादन सहित स्वागत गर्दै नवनिर्वाचित कार्यसमितीलाई बधाई तथा शुभकामना दिनुभयो । कार्यालयमा नै चियापान तथा परिचयात्मक कार्यक्रम सहित हेर्दैहुँदा स्थापना हुन गईरहेको प्रस्तावित अष्टोल्याण्डका लागि विस्तृत रुपमा जानकारी गराउनु भई हामीलाई मार्गनिर्देशनमा आवश्यक डि.पि.आर.को संक्षिप्त रुपको पुस्तिका समेत हस्तान्तरण गर्नु भयो । साथै अष्टोल्याण्ड स्थापना पश्चात संस्थाले अवलम्बन गर्नुपर्ने नितिहरुको समेत संक्षिप्त जानकारी गराउनु भई सरंक्षा वेखि महासंघ सम्म भएका गतिविधि बारेमा पनि जानकारी गराउनु भई निर्माणाधिन अवस्थामा रहेको अष्टोल्याण्डमा स्थलगत अवलोकन गराउनु भई होटलमा खानाको प्रवन्ध मिलाई हामी सबै राति खाना पछि हामीलाई विदा गर्नु भयो ।

भोली दिन हाम्रो होली चितवन अष्टो मेकानिक्स व्यवसायी संघको कार्यालय नारायणगढ आईपुग्यो बाटो बाट सहकार्य हुदै आएकोमा चितवनका वरिष्ठ उपाध्यक्ष एवं वाग्मती प्रदेश संयोजक ज्यूहरु सगाएत सहित र कार्यालय प्रमुखको उपस्थितीमा न्यानो आतिथ्यता सहित स्वागत गर्नुभई सस्थागत गतिविधिका साथै चियापान तथा परिचयात्मक कार्यक्रम सम्पन्न गरि त्यहाँ बन्दै गरेको अष्टोल्याण्डका लागि विस्तृत जानकारी सहित अष्टोल्याण्ड सम्बन्धि कागजपत्र फोटोकपी गरि लिएर उहाँहरु सहित हाम्रो होली चितवनको निर्माणाधिन अवस्थामा रहेको अष्टोल्याण्डको स्थलगत अवलोकन गरि हामी बुटवल तर्फ अगाडी बढ्यौ ।

बाटो निर्माणाधिनका कारण कहि जाम त कहि एकतर्फि बाटोका कारण करिब ९ बजे बुटवल पुगियो । त्यहाँ नेपाल अष्टो मेकानिक्स व्यवसायी महासंघका अध्यक्ष श्री जनार्जन पैडे ज्यु , बुटवल अष्टो इन्जिनियरिङ्ग एशोसिएसनका अध्यक्ष श्री तुल्सीराम न्यौपाने ज्यूहरुसगँ भेट भए पछि रात परिसकेको कारण भोली २०७९ माघ २१ गते विहान ७.०० बजे भेट्ने भनि हामी बहाँहरुले व्यवस्थापन गरिदिनु भएको होटलमा गई खाना खाई सुत्यौ ।

२०७९ माघ २१ गते विहान बाकिका गई करिब ६:०० बजे नै अष्टोभिलेज तर्फ लाग्यौ । केहि समयको पर्खाइ पछि महासंघका अध्यक्ष ज्यु सहित बुटवल अष्टो इन्जिनियरिङ्ग एशोसिएसन परिवार सगँ

